# संघीय संसद
# राष्ट्रिय सभा
# संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति

बैठक संख्याः ३०९
मितिः २०८२/०७/२१
समयः दिनको १:०० बजे
प्रारम्भः दिनको १:१५ बजे
अन्त्यः दिनको २:४५ बजे

**<u>छलफल एवं निर्णयः</u>**

समितिको आज मिति २०८२/०७/२१ गते शुक्रबार बसेको बैठकमा निर्वाचन आयोग, नेपालका माननीय कार्यबाहक प्रमुख निर्वाचन आयुक्त र आयोगका सचिवसँग संघीय संसदको आसन्न निर्वाचनको तयारी लगायतका विविध पक्षमा छलफल भइ देहायबमोजिम निर्णय भयो।

१. समितिले २०७९ को निर्वाचन हुँदै गर्दा दिएका निर्देशनहरु निर्वाचन प्रक्रियामा सुधार गरी E-voting जाने नीति अख्तियार गर्न, राज्यका सबै तह, पद र निर्वाचन प्रणालीमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न, निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एक तिहाई नघट्ने गरी महिला उमेदवारको प्रतिनिधित्व सुनिश्चित गर्न, दिगो विकासको लक्ष्यलाई ध्यानमा राखी २०३० सम्म ४० प्रतिशत महिला सांसदहरुको प्रतिनिधित्व पुऱ्याउने नीति अख्तियार गर्न, निर्वाचन आचारसंहितालाई कडाईका साथ पालना गराउन, मतदानको मितिभन्दा १५ दिन अगाडिको प्रचारप्रसार अवधिमा मदिरा बिक्री वितरण र सेवन गर्न निषेध गर्न, विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुनिश्चितताको लागि मतदाता नामावली संकलन कार्य विदेशस्थित नेपाली कूटनीतिक नियोगमार्फत गर्न लगायतका विषय अहिले पनि सान्दर्भिक भएकाले प्रभावकारी कार्यान्वयनको लागि ध्यानाकर्षण गराउने।
२. समितिको आगामी बैठकमा निर्वाचनको लागि आवश्यक स्रोत साधनको सुनिश्चितता र शान्ति सुरक्षाको वातावरणको लागि क्रमशः अर्थ मन्त्रालय र गृह मन्त्रालयसँग छलफल गर्ने।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति